# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०८।०३ गते।

# प्रेस विज्ञप्ति

**विषय: <u>आरोपपत्र दायर गरिएको।</u>**

श्री जय किसान माध्यमिक विद्यालय धरहरी, रौतहटमा शिक्षक आवश्यकता भनी खुलाएको विज्ञापनमा सेवाग्राहीले रितपूर्वक दरखास्त दिएकोमा उक्त बिद्यालयका प्रधानाध्यापक संजय प्रसादले शिक्षक नियुक्तिका लागि जिल्ला रौतहट, राजदेवी नगरपालिका वडा नं. ७ वतन भएका अरविन्द प्रकाश साह कानुमार्फत सेवाग्राहीसँग घुस/रिसवत रु.४,५०,०००।- माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले सेवाग्राहीबाट घुस/रिसवत वापतको रकम रु.४,५०,०००।– (चार लाख पचास हजार रुपैयाँ) निज अरविन्द प्रकाश साह कानुले लिइसकेको अवस्थामा निजहरु संजय प्रसाद र अरविन्द प्रकाश साह कानुलाई उक्त रकमसहित नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा श्री जय किसान माध्यमिक विद्यालयका प्रधानाध्यापक संजय प्रसादले जिल्ला रौतहट, राजदेवी नगरपालिका वडा नं. ७ वतन भएका अरविन्द प्रकाश साह कानुसँगको मिलोमतोमा श्री जय किसान माध्यमिक विद्यालय, रौतहटमा मा.वि. तहको रसायन विज्ञान विषयको करार शिक्षक नियुक्तिको लागि दरखास्त दिएका सेवाग्राहीसँग उक्त रसायन विज्ञान विषयको परीक्षाको प्रश्नपत्र उपलब्ध गराइदिने र करारमा नियुक्ति दिलाई दिने भनी बिभिन्न बहाना बनाई घुस/रिसवत बापत रु.४,५०,०००।—(चार लाख पचास हजार रुपैयाँ) माग गरी लिएको स्थापित भएकोले प्रतिवादी प्रधानाध्यापक संजय प्रसादलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूरमा विगो रु.४,५०,०००।-(चार लाख पचास हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजाय हुन साथै, अर्को प्रतिवादी अरविन्द प्रकाश साह कानुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा ३ को उपदफा (२) ले निर्देश गरे बमोजिम विगो रु.४,५०,०००।-(चार लाख पचास हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता<br>
राजेन्द्र कुमार पौडेल